# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को आ.व. २०७६/०७७ को कार्यक्रम तथा बजेट अनुसार स्वीकृत विशेष कर्मचारी दरबन्दीमा संस्थागत सुदृढिकरण कार्यक्रम अन्तर्गत करार सेवामा तपसिल अनुसारका जनशक्तिको आवश्यकता भएको हुँदा देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकले आफ्नो शैक्षिक योग्यता, नागरिकता, तालिम र अनुभव खुल्ने प्रमाणपत्रका प्रतिलिपीहरु, हालसालै खिचिएको दुई प्रति पासपोर्ट साइजको फोटो एवं यस वित्तीय संस्थाले तोकेको ढाँचामा वैयक्तिक (दरखास्त फाराम) मिति २०७६ मंसिर २९ गते भित्र (उक्त दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि कार्यालय खुल्ने पहिलो दिन) कार्यालय समय भित्रमा तलको ठेगानामा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| विज्ञापन नं. | पद/संख्या/अवधि | सुविधा | स्थान | योग्यता | उमेरको हद |
|---|---|---|---|---|---|
| ०२/२०७६/०७७ | पदः कार्यक्रम संयोजक<br>पद संख्या : १<br>अवधि : ६ महिना | मासिक रु. १ लाख पारिश्रमिक र करार अवधि थप भई सेवा अवधि भित्र बडा दशैं पर्न गएमा दशैं खर्च वापत १ महिनाको थप तलव उपलब्ध गराईनेछ | यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सुविधानगर, काठमाडौं र आवश्यकता अनुसार वित्तीय संस्थाका कार्यक्रम रहेका सम्पूर्ण जिल्ला तथा पालिकाहरुमा भ्रमण गर्नु पर्ने। | कुनै पनि विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी बैंक वा वित्तीय संस्थाहरुमा कम्तीमा ५ वर्ष काम गरेको, वा कुनै पनि विषयमा स्नातक गरी बैंक तथा वित्तीय संस्थाहरुमा कम्तिमा अधिकृत पदमा १० वर्ष काम गरेको कार्यनुभव भएको । साना किसान विकास कार्यक्रम सम्बन्धी अनुभव भएकालाई प्राथमिकता दिइनेछ। | दरखास्त दिने अन्तिम मितिसम्म ५८ वर्ष ननाघेको। |
| ०३/२०७६/०७७ | पदः स्थानीय प्रशिक्षक<br>पद संख्या : १३<br>अवधि : ६ महिना | मासिक रु. ६० हजार तलब र स्थानीयस्तरको भ्रमण भत्ता वापत एकमुष्ट रु.२० हजार सहित मासिक जम्मा रु.८० हजार पारिश्रमिक र करार अवधि थप भई सेवा अवधि भित्र बडा दशैं पर्न गएमा दशैं खर्च वापत १ महिनाको थप तलव उपलब्ध गराईनेछ) | यस वित्तीय संस्थाको विभिन्न इलाका कार्यालय तथा वित्तीय संस्थाले तोकेको कार्यक्षेत्रमा रहेर काम गर्नु पर्नेछ। | **(क)** वाणिज्यशास्त्र वा व्यवस्थापन विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा (**ख**) वाणिज्यशास्त्र वा व्यवस्थापन विषयमा स्नातक गरी बैंक/वित्तीय संस्था वा सहकारी संस्थामा कम्तीमा ३ वर्ष काम गरेको वा **(ग)** कुनैपनि विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्था वा साना किसान सहकारी संस्था वा ग्रामिण वित्त वा लघुवित्त क्षेत्रमा ५ वर्ष काम गरेको कार्य अनुभव भएको। | दरखास्त दिने अन्तिम मितिसम्म ५० वर्ष ननाघेको। |

आवेदक नेपाली नागरिक र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान हासिल गरेको हुनु पर्नेछ। वैयक्तिक विवरण (दरखास्त फाराम) को ढाँचा, Terms of Reference (TOR) यस वित्तीय संस्थाको Website: http://skbbl.com.np बाट Download गर्न वा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ। रित नपुगेको तथा तोकिएको समय भन्दा पछि प्राप्त हुने आवेदन उपर कुनै कारवाही गरिने छैन। छनौट सूचिमा परेका उम्मेद्वारहरुलाई मात्र अन्तरवार्ताका लागि सूचित गरिनेछ।

**पदपूर्ति समिति**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
(साविकको नाम : साना किसान विकास बैंक लि.)
केन्द्रीय कार्यालय सुविधानगर, काठमाण्डौ, नेपाल
फोन : ०१-४१११७५२/८२८/९२३